# बुढीगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हात्तिमुडा, मोरङ
१ नं प्रदेश नेपाल

प.सं. ०७९/०८०
च.नं.

सुचना प्रकासित मिति : २०७९।०४।०९

विषय :- हाटबजार शुःल्क कर संकलन सम्बन्धी शिलबन्धी दरभाउ पत्रको सूचना ।

यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि आ.व. २०७९/०८० मा आन्तरिक आय व्यवस्थापनका लागि यस गाउँकार्यपालिकाको मिति २०७९।०३।३१ को निर्णय अनुसार गाउँपालिको क्षेत्र भित्रका मुख्य राजमार्गबाट १०० मिटर छाडि तपशिलमा उल्लेखित साप्ताहिक, दैनिक हाटबजारहरुबाट हाटबजार ठेक्का बन्दोबस्त मार्फत कर शुल्क संकलन गर्नु पर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति, व्यवसायीक फर्म, कम्पनी तथा संस्थाहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

(१) हाटबजार शुल्क :-

| सि.नं. | हटियाको नाम र स्थान | न्यूनतम कबोलअंक (भ्याट बाहेक)रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं २ को टंकी र गंगा चोक | ३,००,०००।- | |
| २ | वडा नं ३ को वासबारी लगायत सम्पूर्ण हटियाहरु | १,००,०००।- | |
| ३ | वडा नं ४ भित्रका सम्पूर्ण हटियाहरु | ७१,०००।- | |
| ४ | वडा नं ५ भित्रका सम्पूर्ण हटियाहरु | ५०,०००।- | |
| ५ | वडा नं ६ भित्रका सम्पूर्ण हटियाहरु | ३०,०००।- | |
| ६ | वडा नं ७ भित्रका सम्पूर्ण हटियाहरु | ७०,०००।- | |

सर्तहरु :

१. गाउँपालिकाको स्विकृत दररेट अनुसार साप्ताहिक तथा दैनिक हाटबनार तथा अस्थायी घुम्ती पसलबाट शुःल्क संकलन गर्नु पर्ने छ ।

२. सिलबन्दि दरभाउपत्रमा भाग लिने व्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकमको भ्याट सहितको ५ प्रतिशत रकम गाउँपालिकाको एन.आइ.सी. एसिया बैंक लि. मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचर वा शिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाटे बैंक ग्यारेन्टी (बिड बण्ड) संलग्न गर्नु पर्नेछ ।

३. सूचना प्रकाशन भएको मितिले ७ दिन कार्यालय समयभित्र गाउँपालिकाको कार्यालय हात्तिमुडा बाट रु. १०००।- (पछि फिर्ता नहुने) तिरि कार्यालय समयमा खरिद गर्न सकिने छ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोहि समय भित्र खरिद गर्न सकिनेछ ।

४. सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र गाउँपालिकाको कार्यालय हात्तिमुडामा दर्ता गरिसक्नुपर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोहि समय भित्र पेश गरि सक्नुपर्ने छ । म्याद नाघि वा रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

५. दरभाउपत्र शिलबन्दी लाहाछाप गरी दरभाउपत्रदाताको नाम ठेगाना र सम्पर्क नं. प्रष्ट लेखि कार्यालयको नाममा पेशगर्नु पर्नेछ । दरभाउपत्रसाथ व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यवसायी फर्म वा संस्था भए ०७८/०७९ सम्म नविकरण भएको व्यवसायिक प्रमाणपत्र, मु.अ.कर पत्र र ०७७/०७८ को कर चुक्ता प्रमाण पत्र समेत अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

६. ठेक्काको अवधि २०७९ भदौ १ देखि २०८० असार मसान्त सम्म ।

७. बोलकबोलको अंक स्विकृत भएपछि एकमुष्ठ वा किस्तामा रकम बुझाउन सकिनेछ । रकम बुझाउँदा नगद, गुड फर पेमेन्ट चेक वा बैंक जम्मा द्वारा बुझाउन सकिने छ । सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ र किस्तामा रकम बुझाउने भएमा कवोल अंकको ४० प्रतिशत रकम जम्मा गर्नुपर्नेछ र ६० प्रतिशत बराबरको रकमको लागि मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थावाट २०८० श्रावण मसान्त सम्म मान्य अवधि भएको पर्फमेन्स बन्ड अनिवार्य पेस गर्नुपर्नेछ र व्यक्ति भएमा एकमुष्ट रकम जम्मा गरेपछी मात्र सम्झौता हुनेछ ।

८. यस सूचनामा उल्लेखित कुरा यसै सूचना अनुसार र उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. दरभाउपत्र दाताले गाउँपालिकामा तिर्नु बुझाउनु पर्ने कर लगायतको बाँकी बक्यौता भए अनिवार्य बुझाएको हुनुपर्नेछ ।

१०. दरभाउपत्र फारममा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षेरमा उल्लेख गरेको रकमलाई मान्यता दिइने छ ।

११. ठेक्का स्विकृत गर्ने नगर्ने अधिकार गाउँपालिकामा निहित रहने छ ।

१२. ठेक्का अवधिमा बन्द हड्ताल आदि भएमा त्यस बापतको छुट मिनाहा दाबि गर्न पाइने छैन ।

१३. यस गाउँपालिकाको सक्कल छाप र दस्तखत नभएको दरभाउ पत्र फारमलाई मान्यता दिइने छैन ।

१४.अन्य जानकारी आवश्यक भएमा यस कार्यालयमा सम्पर्क गर्न वा ९८४२४९४९४० मा सम्पर्क गर्न वा www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत